२०८० मंसिर २४ गते ।

डिसेम्बर १०

७५ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस

**श्री प्रमुख ज्यू**

जिल्ला समन्वय समिति, रसुवा

**विषय** :मानवअधिकार विश्वव्यापी घोषणा पत्र जारी भएको ७५ औं वार्षिकोत्सवको अवसरमा ध्यानाकर्षण ।

मानवअधिकारको विश्वव्यापी घोषणा पत्र जारी भएको ७५ वर्ष पुरा भएको छ । **सबैका लागि स्वतन्त्रता, समानता र न्याय** भन्ने नाराका साथ ७५ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस भव्यताका साथ विश्वभर मनाइदैछ । नेपालको सन्दर्भमा यसको मुख्य सन्देश भनेको नागरिकका लागि संवैधानिक रुपमा निर्दिष्ट गरिएका मौलिकहकहरूको निशर्त कार्यान्वयन हो र प्रत्येक व्यक्तिमा मानवअधिकारको प्रत्याभूति हुनु हो ।

घोषणा पत्र जारी भएको ७५ वर्षको इतिहासलाई हेर्ने हो भने नेपालीले औषत आयु, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, लोकतान्त्रिक प्रणाली, मानवअधिकारको स्वीकार्यता जस्ता विषयहरूमा केही उल्लेख्य उपलब्धिहरू हासिल गरिरहेको देखिन्छ । यद्यपी विश्वव्यापीरुपमा देखिएको जलवायु परिवर्तनका असरहरू हाम्रो जस्तो मुलकहरूमा तिब्रतर रुपमा देखिइरहेको छ । यसले उत्पादन प्रणाली, पारिस्थीतीकीय प्रणालीमा, मौसम आदिमा असर गरिरहेको छ, जुन मानव जीवनका लागि नै जोखिमको विषय बनिरहेको छ । समयक्रममा मानवअधिकारसंग सरोकार राख्ने विषयहरूको विषयगत क्षेत्र समेत वृहत बन्दै गएको छ ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात संविधानतः जीवन, स्वतन्त्रता, समानता, सामाजिक न्यायको प्रत्याभूति सबैका लागि हुनुपर्ने प्रावधानहरू सुनिश्चित गरिएका छन् भने बालबालिका, दलित, अल्पसंख्यक, महिला, ज्येष्ठ नागरिकलगायतका वर्गहरूका लागि विशेष हकको व्यवस्था गरिएको छ । यी विशेष अधिकारको महत्व भनेको समानता र न्यायोचितताको प्रवर्द्धन गर्ने र सबै नागरिकलाई समान अवस्थामा पुग्ने वातावरण निर्माण गर्नु हो । समृद्ध र सुखी अधिकार सम्पन्न नेपाली समाज निर्माण गर्नु हो । स्वच्छ वातावरण, खाद्य सुरक्षा जस्ता प्रगतिशील अधिकारहरू समेत संविधानमा व्यवस्था गरिएको हुँदा मानवअधिकारको दृष्टिकोणले हाम्रो संविधानलाई उत्कृष्ट मानिएको छ ।

नेपालले मानवअधिकार सम्बन्धी ठूला महासन्धीहरू, विभिन्न प्रोटोकलहरूमा समेत हस्ताक्षर गरेको छ र अन्तर्राष्ट्रिय तहमा मानवअधिकार प्रतिका प्रतिबद्धताहरू दोहोऱ्याएको छ । संविधान प्रदत्त मौलिकहकहरूको कार्यान्वयन गर्न नागरिकका कर्तव्यहरू निर्धारण गरिएको छ, मानवअधिकार सम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगलगायतका राष्ट्रिय मानवअधिकार संस्थाहरूको व्यवस्था गरिएको छ ।

यद्यपी नेपालमा जलवायू परिवर्तनको असर, नियमित प्रकोपहरू, महामारी, सडक दुर्घटना, हिंसा, हत्या, जस्ता घटनाहरूको संख्यामा कमी आएको छैन । नागरिकहरू विविध कारणहरूले असुरक्षित छन् । मनोसंकट बढ्दो रुपमा देखिएको छ जसका कारण दैनिक औसत १६ जनाले आत्महत्या गरिरहेका छन् ।

आवागमन व्यवस्थित देखिएको छैन, जसका कारण औसत ७ जना व्यक्तिहरू सडक दुर्घटनामा मरिरहेका छन् । वैदेशिक रोजगारी असुरक्षित छ, मुलुकमा स्वरोजगारको व्यवस्था कमजोर छ जसका कारण वैदेशिक रोजगारीमा जानेको संख्या दिनानुदिन बढिरहेको छ । खाद्य संकट गहिरिएको छ । भ्रष्टाचार बढ्दो रुपमा देखिएको छ । संक्रमणकालीन न्यायका विषय टुंगिएका छैनन् । जातीय तथा लैंगिक विभेद, छुवाछुत जस्ता घटनाहरू भइ नै रहेका छन् । मानवअधिकार सम्वन्धी सचेतना र शिक्षालाई स्थानीय तहसम्म प्रभावकारी बनाउन नसकेको अवस्था छ । विकास योजना निर्माण गर्दा मानवअधिकारका विषयहरूलाई कम ध्यान दिइएको अवस्था छ । यी विषयहरू सतहमा देखिएका र समय समयमा बहसमा आउँदै गरेका विषय र तथ्यांकहरू हुन् । उजागर नभएका, स्थानीय तहमा नै रहेका कतिपय घटनाहरू छन्, जसको निराकरण हुनैपर्दछ ।

यस्ता विविध समस्याहरूको समाधान गर्न राज्यका सबै निकायहरू, सबै सरकारहरू जिम्मेवार हुनुपर्दछ भन्ने मान्यतालाई सिद्धान्ततः नेपाल सरकारले स्वीकार गरेको अवस्था छ । यी समग्र कार्यको कार्यान्वयनको नेतृत्व प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयले लिएको छ र २०६१/०६२ सालदेखि राष्ट्रिय कार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । हाल मानवअधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चरणमा रहेको छ ।

उक्त कार्ययोजनाको अभिप्राय भनेको सरकारका सबै अंगहरू, संवैधानिक संयन्त्रहरू, सरकारले बनाउने योजना तथा गर्ने लगानी तथा नागरिक संगठनहरू समेतको साझा प्रयत्नले मानवअधिकारको अवस्था सुदृढ हुन सक्दछ भन्ने हो । कार्ययोजना कार्यान्ववयन गर्ने जिम्मेवारी कुनै खास संस्था वा व्यक्तिको विषयमात्र होइन, यो सबैको सरोकार र पहलको विषय समेत हो । यसको कार्यान्वयनका लागि जिल्ला तहमा जिल्ला समन्वय समिति र स्थानीय तहमा स्थानीय तहका प्रमुख वा अध्यक्षले समन्वय गर्ने जिम्मेवारी तोकिएको छ । उक्त समितिले ६ महिनामा कम्तिमा एक पटक बैठक बसी आफ्नो कार्ययोजना कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था भएको छ ।

हामी मानवअधिकारकर्मी संस्थाहरू मानवअधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न र आफ्नो पालिका तथा जिल्ला भित्र मानवअधिकारको अवस्था सुदृढ बनाउन, मानवअधिकारमैत्री योजना निर्माण गर्न, दिगो विकासका सूचकहरू हासिल गर्दै सबै नागरिकको जीवनको रक्षा गर्न, स्वतन्त्रता र न्याय सुनिश्चित गर्न मानवअधिकार घोषणा पत्र जारी भएको ७५ वर्षको अवसरमा ध्यानाकर्षण गराउँदछौं ।

१.अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला प्रतिनिधि, रसुवा

२.राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स) रसुवा

३.मानव अधिकार तथा सामसदायिक विकास स्रोत केन्द्र नेपाल

४.मानवअधिकार सञ्जाल, रसुवा

५.गैरसरकारी संस्था महासंघ नेपाल, रसुवा

10 Dec 2023